नेपाल सरकार

सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

# जिल्ला विकास समितिको कार्यालय, दाङ

आ.व. २०७४/७५

को

# पूर्व योजना तर्जुमा गोष्ठी

२०७३ मंसीर १४

# दाङ जिल्ला



तुलसीपुर : निर्वाचन क्षेत्र नं. ४ र ५
निर्वाचन क्षेत्र नं. ४
निर्वाचन क्षेत्र नं. ३
निर्वाचन क्षेत्र नं. ५
निर्वाचन क्षेत्र नं. २
निर्वाचन क्षेत्र नं. १
Purandhara
Baghmare
Shantinagar
Pawannagar
Tulsipur Municipality
Halwar
Panchakule
Dhanauri
Shreegaun
Bijauri
Hapur
Saidha
Hekuli
Tarigaun
Manpur
Goltakuri
Urahari
Narayanpur
Tribhuwannagar Municipality
Syuja
Dhikpur
Duruwa
Kabhre
Phulbari
Saudiyar
Loharpani
Laxmipur
Rampur
Dharna
Satbariya
Hansipur
Rajpur
Sonpur
Chaulahi
Sisahaniya
Lalmatiya
Gangapraspur
Gadhawa
Bela
Gobardiya
Koilabas

# सहभागितामूलक योजना तर्जुमा प्रकृयाका १४ चरणहरु

# पहिलो चरण: बजेट सिमा तथा मार्ग दर्शन पठाउने

आगामी वर्षका लागी निर्देशन तथा वजेट सिमा विषयगत मन्त्रालयहरु र राष्ट्रिय योजना आयोगबाट पठाइन्छ र यसमा सरकारद्वारा निर्धारित समग्र राष्ट्रिय प्राथमिकता समेत समावेश गरिएको हुन्छ । यो राष्ट्रिय योजना आयोगबाट तयार गरीने राष्ट्रिय योजना अनुकुल हुन्छ । यो निर्देशन, सुचना र वजेट सिमा जिविसलाई पठाईन्छ । यसरी पठाउने काम **कार्तिकको मसान्त** सम्ममा गरी सक्नुपर्छ

# दोस्रो चरण: बजेट सिमा तथा मार्ग दर्शनको पुनरावलोकन

- जिविसले विषयगत मन्त्रालयहरु र राष्ट्रिय योजना आयोगद्वारा प्रदान गरीने निर्देशन, सुचना र अनुमानित बजेटको विशलेषण तथा समिक्षा गर्दछ । जिविस सभापति, उपसभापति र विषयगत कार्यालयका प्रमुखहरु यस बैठकमा सहभागी हुन्छन । यसरी बजेट सीमा तथा मार्गदर्शन पुनरावलोकन मंसिरको पहिलो हप्तासम्ममा पुरा गरी सक्नु पर्छ ।

# तेश्रो चरण: पूर्व योजना तर्जुमा गोष्ठी

- जिविसले विषयगत मन्त्रालयहरु/विषयगत कार्यालयहरुका नीति, उद्देश्य, कार्यक्रम, स्रोत तथा क्रियाकलाप तथा गाविसको अनुमानित बजेटबारे जानकारी गराउँदछ । जिल्लाका सबै प्रमुख सरोकारवालाहरु आमन्त्रित हुन्छन् । सरोकारवालाहरुमा गाविस अध्यक्ष, उपाध्यक्ष, सरकारी, गैरसरकारी संस्था, निजि क्षेत्र र बैङ्किङ संस्था समेत पर्दछन् । यस कामको समय सिमा **मंसिरको दोश्रो हप्ता** हो ।

# <u>चौथो चरण:</u> गाविस बैठक

- गाविसले वडा/टोल तहमा कार्यान्वन गरिनु पर्ने योजनाहरुको विश्लेषण गर्दछ । यस विश्लेषणमा गाविस र लाइन एजेन्सी प्रमुख/प्रतिनिधिहरुको सहभागीता हुन्छ । यो काम **<u>पुसको पहिलो हप्ता सम्ममा</u>** पुरा हुनु पर्दछ ।

# <u>पाचौँ चरण:</u> टोल/वस्तिस्तरिय योजना छनोट

- यस चरणमा टोलका लागी आवश्यक र उपयुक्त योजना बारे निर्णय गरिन्छ । प्रायः एउटा भन्दा बढि योजनाको आवश्यकता देखिने हुँदा योजनाहरुको प्राथमिकिकरण गरिनु पर्छ । अर्थात कुन योजना आवश्यक छ वा कुन योजनाले बासिन्दाहरुलाई लाभ पुऱ्याउन सक्छ सोको आधारमा प्राथमिकिकरण गरिनु पर्छ । प्राथमिकिकरण गर्ने कार्यमा वडा नागरिक मञ्चको प्रमुख भुमिका हुन्छ । उपभोक्ता समिति, सामुदायिक संघसंस्था, गैसस र टोल वस्तिका बासिन्दा लगायत सबै प्रमुख सरोकारवालाहरुलाई आमन्त्रित गरिनु पर्छ । महत्वपूर्ण कुरा के हो भने सबै प्रमुख सरोकारवालाको उपस्थिति हुन्छ र सहमतीमा निर्णयहरु गरिन्छ । यसरी छलफलबाट आएका योजनाहरुको विवरण वडा समिति/वडा नागरिक मञ्चमा पठाईन्छन् । यो चरण **<u>पुसको पहिलो हप्ता सम्ममा</u>** गरी सक्नुपर्ने हुन्छ ।

# छैठौ चरण:  वडा समितिको बैठक

- वडा समितिले टोल वस्तिस्तरबाट प्राप्त योजनाबारे छलफल गर्छ र तिनको प्राथमिकिकरण गर्छ यस बैठकमा वडा सदस्य, सामुदायिक संघसंस्था सहभागी हुनुपर्छ । यो काम **पुसको दोस्रो हप्तासम्ममा** पुरा गरिनु पर्छ ।

# <u>सातौ चरण:</u> गाविस बैठक

- यस चरणमा गाविसले टोल वस्तिहरुले अनुरोध गरेका योजना/कार्यक्रमहरुको सुचि तयार गर्छ, तिनको वर्गीकरण गर्छ र कार्यान्वन गर्न आवश्यक पर्ने स्रोतको अनुमान गर्छ । त्यसपछि गाविसले योजनाहरुको प्राथमिकरण गर्छ र ति योजनालाई गाविसले कार्यान्वयन गर्ने र बाह्य अनुदान सहयोगमा सञ्चालन हुने गरी छुट्टयाउँछ । निर्णय गर्दा गाविसले स्रोत साधन, प्राविधिक क्षमता र योजना/कार्यक्रहरुको सम्भाव्यतालाई मनन गर्नुपर्छ । गाविसले विषयगत निकाय, सम्बन्धित निकाय र संस्थाका प्रतिनिधि वा दक्ष व्यक्ति र परामर्श समितिसँग सरसल्लाह गर्न सक्छ । यसरी सरसल्लाह गरेपछि भएको निर्णय गाउँ परिषदमा पेस गरिन्छ । गाविस पदाधिकारीहरु र लाइन एजेन्सि प्रतिनिधीहरु यस बैठकमा सहभागी हुन्छन् । यस चरणको समय सिमा **<u>पुसको तेस्रो हप्ता</u>** हो ।

# <u>आठौँ चरण:</u> गाउँ परिषद बैठक

- गाविसद्वारा पेस गरिएका योजना/ कार्यक्रमहरुमा छलफल गरेपछि गाविसको स्रोतमा कार्यान्वन हुन सक्ने योजनालाई स्वीकृत गर्छ । बैठकले जिल्ला स्तरीय निकायको सहयोग चाहिने योजनाहरुलाई पहिचान गर्छ, तिनको प्राथमिकरण गर्छ र सहयोगका लागी जिविस तथा इलाकामा पेश गर्छ । जिल्लास्तरिय निकायको सहयोग आवश्यक पर्ने योजनाहरु, गाविसले बेहोर्ने लागत र आवश्यक वित्तिय, प्रविधिक तथा भौतिक सहयोगबारे प्रष्टसँग उल्लेख गरिएको हुनु पर्छ । यस बैठकमा गाउँ परिषदका सदस्यहरुले भाग लिन्छन् । समय सिमा <u>**पुसको अन्तिम**</u> हो ।

# <u>नवौ चरण:</u> इलाकास्तरीय योजना तर्जुमा गोष्ठी

- गाविसको स्रोतबाट सञ्चालन गर्न नसकिने योजना /कार्यक्रमहरु इलाकामा पेश गरिन्छ । इलाकास्तरीय गोष्ठिले यी योजनाहरुको प्राथमिकिकरण गरी जिविस विषयगत समितिहरुलाई बुझाउँछ । गाविसले बुझाएको योजना अप्रयाप्त छन् वा नयाँ योजनाहरुको आवश्यकता छ भने इलाकाले नयाँ योजनाहरुको प्रस्ताव राखी बुझाउन सक्छ । यो <u>**माघको तेस्रो हप्ता सम्ममा**</u> गरी सक्नु पर्छ ।

# दशौँ चरण:  विषयगत समितिको बैठक

- जिल्लामा प्राय: चारवटा विषयगत समिति हुन्छन् : कृषि वन तथा वातावरण समिति, पूर्वाधार तथा संरचना विकास समिति, जनसंख्या तथा सामाजिक समिति र भुमि तथा जलस्रोत समिति प्रत्येकमा सम्बन्धित विषयका कार्यालयहरुको प्रतिनिधित्व हुन्छ । इलाका भेलाले पारित गरेका सबै योजना/कार्यक्रमहरुलाई यी चार विषय अन्तर्गत प्राथमिकिकरण गरिन्छ । विषयगत समितिहरुले प्रत्येक विषय अन्तरगत योजनाको प्राथमिकिकरण गर्छन् र एकिकृत योजना तर्जुमा समितिलाई बुझाउँछन् । यो कार्य **फागुनको पहिलो हप्तासम्ममा** गरी सक्नु पर्छ ।

# <u>एघारौँ चरण :</u> एकिकृत योजना तर्जुमा समितिको वैठक :

- एकिकृत योजना तर्जुमा समितिले विभिन्न विषयका योजनाहरुलाई समायोजन गर्छ । यस समितिले विषयगत समन्वय समितिद्वारा पेस गरिएको मस्यौदाको समिक्षा तथा मुल्याङ्कन तथा निर्णय गर्छ । अन्तिम मस्यौदालाई जिल्ला विकास योजना भनिन्छ । समितिले यो जिल्ला विकास योजना मस्यौदा जिविसलाई पेस गर्छ । यो <u>**फागुनको दोश्रो हप्ता सम्ममा**</u> सक्नु पर्छ ।

# <u>बाह्रौं चरण</u>: जिविस बैठक

- जिविस बैठकले जिल्ला विकास समितिको नीति/ राष्ट्रिय योजना आयोगका निर्देशन, आवधिक जिल्ला विकास योजना, स्रोत नक्सा, वातावरणीय प्रभाव आदिको आधारमा मुल्याङ्कन गर्छ । त्यसपछि योजना/कार्यक्रमहरुलाई जिल्ला र केन्द्रले कार्यान्वयन गर्ने गरी दुई श्रेणिमा वर्गीकरण गर्छ । यसले विषयगत वा भौगोलिक आधारमा कार्यक्रमहरुको प्राथमिकिकरण गर्छ र मस्यौदा योजना स्विकृतिका लागि जिल्ला परिषदमा पेस गर्छ । यो कार्य **<u>फागुनको तेश्रो हप्तासम्ममा</u>** सक्नु पर्छ ।

# तेह्रौं चरण: जिल्ला परिषद

- जिल्ला परिषदले जिल्ला विकास योजना माथी छलफल गर्छ र यसलाई स्वीकृत गर्छ। यो **फागुन मसान्त भित्र** सम्पन्न गरी सक्नु पर्दछ।

# <u>चौधौ चरण :</u> जिल्ला विकास योजना कार्यान्वयन

- जिल्ला परिषदले जिल्ला विकास योजना स्विकृत गरे पछि सो योजना राष्ट्रिय योजना आयोग र सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयमा पठाउने कार्य हुन्छ भने विषयगत योजना/कार्यक्रम विषयगत मन्त्रालयहरुलाई बुझाईन्छ । यो <u>**चैत्र १० गते सम्ममा**</u> पठाई सक्नुपर्छ । आगामी वर्षको सुरुवात सँगै योजना कार्यान्वयनको शुरुवात हुन्छ ।

आ.व. २०७४/७५ को योजना तर्जुमा प्रक्रियामा राष्ट्रिय योजना आयोग तथा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको निर्देशन

१. जिल्लास्तरीय वार्षिक विकास योजना/कार्यक्रम तर्जुमा गर्दा चौधौं योजनाको लक्ष्य, उद्देश्य र रणनीतिहरुको कार्यान्वयनमा प्रत्यक्ष योगदान पुग्ने गरी  कार्यनीति र प्राथमिकता अनुसार हुने गरी तर्जुमा गर्नु पर्नेछ ।

२. जिल्लाको वार्षिक विकास कार्यक्रम तयार गर्दा दिगो विकास लक्ष्यहरु लक्ष्यहरुका सम्वन्धित लक्ष्यहरु हासिल गर्न सहयोग पुग्ने किसीमका कार्यक्रमलाई प्राथमिकता दिने ।

३. जिल्लाको आवधिक जिल्ला विकास योजना, क्षेत्रगत गुरुयोजना र रणनीतिक गुरुयोजना (जस्तै कृषि, उद्योग, पर्यटन, सडक, विपद्, जलवायु  वातावरण आदि ), जिल्ला पुर्नलाभ योजना तयार भैसकेको भए ती योजनाहरुलाई समेत आदेश मानेर वार्षिक विकास योजना तयार गर्ने ।

४. सुशासन, जनताको नजिकमा रही सेवा सुविधा, दिगो, गुणस्तरीय र वातावरणमैत्री स्थानीय पूर्वाधार विकास, आर्थिक अवसरमा बृद्धि र त्यसमा जनताको सहज पहुँच तथा सामाजिक सशक्तीकरणलाई विकास प्रयासका प्राथमिकता क्षेत्रको रुपमा लिई बार्षिक कार्यक्रम तर्जुमा गर्नु पर्नेछ । यसरी तर्जुमा हुने कार्यक्रमबाट गरिबी निवारणमा सहयोग पुग्ने कुराको पुष्टि हुनु पर्नेछ

क्रमशः.....

आ.व. २०७४/७५ योजना तर्जुमा प्रक्रियामा..................

५. स्थानीय निकाय र क्षेत्रगत निकायहरुले कार्यक्रम तथा वजेट प्रस्ताव गर्दा स्थानीय निकायमा हुने पुर्नसंरचनालाई सहयोग पुग्ने गरी कार्यक्रम तर्जुमा गर्ने ।

६. विकास योजनाहरुको छनौट गर्दा आयोजनाको सर्भे, ड्रोइङ, डिजाइन तथा लागत स्टीमेट लगायत सम्पूर्ण योजना प्रकृया पुरा भएका आयोजनाहरु मात्र समावेश गर्ने ।

७. आयोजनाहरु छनौट गर्दा उत्पादनशिल, रोजगारी वृद्धि, गरीबी न्यूनिकरण, वातावरण संरक्षण, विपद् तथा जलवायु जोखिम न्यूनिकरण, समावेशी विकासमा सहयोग पुऱ्याउने, छोटो समयमा सम्पन्न भई वृढि प्रतिफल दिने, कम लगानीबाट बढी जनसंख्यालाई लाभ पुऱ्याउने तथा जनसहभागिता जुटाउन सकिने किसीमका आयोजनाहरुलाई प्राथमिकता दिने ।

८. आयोजना छनौट तथा बजेट विनियोजन गर्दा भुगोल (क्षेत्रफल) २०% मानक सुचांक ३२.५%, जनसंख्या ४०% र सेवा प्रवाह लगायत ७.५% आधार मानी सन्तुलन कायम हुनेगरी गर्ने ।

क्रमशः.......

आ.व. २०७४/७५ योजना तर्जुमा प्रक्रियामा..................

९. नयाँ घोषणा गरिएका नगरपालिकाहरुको भौतिक तथा अन्य पूर्वाधार विकासलाई प्राथमिकता दिने । साथै भवन निर्माण सम्वन्धी कार्यक्रम बनाउँदा जग्गाको उपलब्धता नभई बजेट नछुट्याउने ।

१०. सम्पन्न भैसकेका भौतिक संरचनाहरुको दिगोपनालाई ध्यान दिई निरन्तर संचालन हुनसक्ने अवस्थामा राख्नका लागि आवश्यक मर्मत सम्भार बजेटको व्यवस्था गर्ने ।

११. स्थानीय निकायसँग सम्बन्धित सरकारी निकाय तथा विकास साझेदारहरुबाट सञ्चालन हुने आयोजना तथा कार्यक्रमहरुका लागि आवश्यक पर्ने सम्झौता बमोजिमको साझेदारी वा लागत सहभागिता गर्न सम्पूरक कोष **(Matching Fund)** मा आवश्यक रकम छुट्ट्याएर मात्र अन्य योजना तथा कार्यक्रमहरुमा बजेट विनियोजन गर्नुपर्ने छ ।

१२. बार्षिक विकास कार्यक्रम तर्जुमा गर्दा हाल निर्वाचित जनप्रतिनिधि नभएको अवस्थालाई दृष्टिगत गरी वडा नागरिक मञ्चबाट वडा समिति हुँदै सहभागितामूलक योजना प्रकृया बमोजिम अग्रीम योजना तयार गर्ने ।

१३. वार्षिक विकास योजना तर्जुमा गर्दा जिल्ला विकास समिति र जिल्ला स्थित विषयगत कार्यालयका सम्पूर्ण कार्यक्रमहरुलाई समेटी एकीकृत रुपमा वार्षिक विकास योजना तर्जुमा गर्नुपर्ने छ । यस कार्यमा विषयगत निकायहरुले आवश्यक प्राविधिक सहयोग जिल्ला विकास समितिलाई उपलब्ध गराउने ।

क्रमशः..........

१४. स्थानीय निकायबाट सञ्चालन गरिने पूर्वाधार विकास (सडक, खानेपानी, विद्युत, प्रकोप नियन्त्रण आदि) का कार्यक्रमहरु योजना/कार्यक्रम गर्नुपूर्व स्थानीय विकास मन्त्रालयबाट लागु गरिएका कार्यविधि/निर्देशिकामा उल्लेखित प्रावधान अनुरुप अनिवार्य रुपमा सम्भाव्यता अध्ययन गरिएको हुनु पर्नेछ । यस्ता योजना/कार्यक्रम सञ्चालन गर्दा श्रममुलक तथा वातावरण मैत्री प्रविधि अपनाउनु पर्नेछ ।

१५. बार्षिक विकास कार्यक्रम तर्जुमा गर्दा सम्पन्न भईसकेका भौतिक संरचनाहरुको निरन्तर सञ्चालन हुन सकने अवस्थामा राख्न आवश्यक मर्मत सम्भार कोष सम्बन्धी व्यवस्था गर्ने ।

१६. वार्षिक विकास कार्यक्रम तयार गर्दा पूर्वाधारतर्फ निर्माणाधीन अधुरा योजनालाई सम्पन्न गरी सञ्चालनमा ल्याउने कार्यक्रमलाई प्राथमिकता दिने । पूर्वाधार (सडक खानेपानी, विद्युत, सिंचाई आदि) तर्फका नयाँ योजना/कार्यक्रमलाई वार्षिक विकास कार्यक्रममा समावेश गर्दा निश्चित मापदण्डको आधारमा प्राथमिकीकरण गरी प्राथमिकताको आधारमा उपलब्ध श्रोतबाट सम्पन्न हुने गरी वार्षिक विकास कार्यक्रममा समावेश गर्ने ।

१७. योजना सम्झौता हुन पूर्व नै कार्य सम्पन्न भईसकेको भनि कुनै पनि किसिमका योजना छनौट गर्न तथा सम्झौता गरी भुक्तानी दिन पाईने छैन ।

१८. स्थानीयस्तरका योजना/कार्यक्रम सञ्चालन गर्नका लागि सकभर हाल कार्यरत उपभोक्ता समूहहरुलाई प्रयोग गर्ने । समूह नै नभएको अवस्थामा वा भईरहेको समूहले सन्तोषजनक रुपमा कार्य सम्पन्न नगरेको पाईएमा मात्र नयाँ समूह गठन गर्ने ।



क्रमशः..........

आ.व. २०७४/७५योजना तर्जुमा प्रक्रियामा..................

१९. सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत राज्यले सुविधा उपलब्ध गराउने लक्षित समूहको लगत अद्यावधिक गरी राख्ने । यस्तो रकमको भुक्तानी क्रमशः बैङ्किङ्ग प्रणाली मार्फत गर्ने व्यवस्था मिलाउदै जाने ।

२०. जिल्ला स्थित विषयगत कार्यालयहरुबाट अनिवार्य रुपमा जिल्ला गरिबी अनुगमन तथा विश्लेषण प्रणाली (**DPMAS**) अनुरुपका सूचकहरुको प्रगति लिई जिल्ला सूचना तथा विश्लेषण अभिलेख केन्द्रमा रहने **DPMAS software** मा उक्त सूचनाको प्रवृष्टि गरी प्रशोधन तथा विश्लेषण गर्ने अनिवार्य व्यवस्था मिलाउने ।

२१. गा.वि.स.मा जाने अनुदानबाट कृषि विकासका लागि समेत आवश्यक रकम छुट्ट्याई निर्देशिका तयार गरी सञ्चालन गर्ने व्यवस्था मिलाउने ।

२२. स्थानीय निकायलाई प्राप्त अनुदान वा स्वआर्जित रकमबाट कार्यक्रम स्वीकृत नभई सञ्चालन गरिएको भनिएका योजना तथा कार्यक्रमको रकम भुक्तानी दिन, गत वर्षमा वा चालु आर्थिक वर्षमा पनि निर्धारित प्रक्रिया बमोजिम स्वीकृति र सम्झौता पूर्व कार्य सम्पन्न गरिएको भनि भुक्तानी माग गरिएको कार्यक्रम/आयोजनामा खर्च गर्न सकिने छैन ।

२३. कार्यक्रम/आयोजना तर्जुमा, सञ्चालन, अनुगमन तथा मूल्याङ्कन लगायत आयोजनाका प्रत्येक चरणमा अत्यधिक मात्रामा सहभागिता जुटाउने प्रयत्न गर्नु स्थानीय निकायको कर्तव्य हुनेछ ।

आ.व. २०७४/७५ योजना तर्जुमा प्रक्रियामा..................

२४. निक्षेपित कार्यक्रमहरुको निरन्तर अनुगमन एवं समीक्षा गर्ने आवश्यक व्यवस्था मिलाउनु पर्ने ।

२५. स्थानीय निकायहरुको आम्दानी खर्च र भौतिक प्रगति विवरण चौमासिक रुपमा सार्वजनिक गर्नुपर्नेछ ।

२६. स्थानीय निकायहरुद्धारा नागरिक वडापत्र जारी गरी सम्पादित विकास निर्माणका कार्य तथा सेवा प्रवाह सम्बन्धी कार्यहरु पारदर्शी बनाई उत्तरदायी ढङ्गले सञ्चालन गर्ने र त्यसको प्रभावकारी अनुगमन गर्ने ।

२७. योजना तर्जुमा, कार्यन्वयन एवं मूल्याङ्कन कार्य समन्वयात्मक र प्रभावकारी ढङ्गबाट सञ्चालन गर्न जिल्ला विकास समितिले वार्षिक कार्यतालिका बनाई सोही अनुरुप कार्यक्रम तर्जुमा, अनुगमन तथा मूल्याङ्कन गर्ने व्यवस्था मिलाउने ।

२८. बाटोघाटो, सिंचाई नहर लगायतका भौतिक पूर्वाधार निर्माण गर्दा भू-क्षय नहुने, पानी मूहान एवं वन तथा वातावरणमा प्रतिकूल असर नपर्ने गरी सञ्चालन गर्नु पर्नेछ ।

२९. महिला, दलित एवं विपन्न वर्गलाई प्रत्यक्ष लाभ पुग्ने खालका वातावरण मैत्री सीपमूलक एवं रोजगारमूलक कार्यक्रमहरुको तर्जुमा गरी प्रभावकारी कार्यान्वयनको ब्यवस्था मिलाउने ।

३०. चालु खर्च सकेसम्म नियन्त्रन गर्ने र राजनैतिक प्रकृतिका योजनाहरुलाई बजेट नछुटयाउने ।

क्रमशः..........

आ.व. २०७४/७५ योजना तर्जुमा प्रक्रियामा..................

३१. स्थानीय निकायको अगुवाइमा हुने सहभागितामूलक समावेशी वार्षिक योजना प्रकृया (१४औं तहको योजना प्रकृया) बाट माग भई आउने आयोजना मध्ये जिल्ला स्तरमा सम्बोधन गर्न नसकिने आयोजनाहरुलाई केन्द्रिय स्तरमा समावेश गनुपर्ने भएमा सम्वन्धित मन्त्रालय मार्फत त्यस्ता मागहरुको व्यवस्थापन गर्ने ।

३२. आयोजना तर्जुमा गर्दा आफ्नो क्षेत्रको विकास निर्माण एवं सेवा प्रवाह संग सम्वन्धित विषयमा विषयगत कार्यालयले अन्य सरकारी निकाय , स्थानीय निकाय, निजी क्षेत्र र नागरिक समाजसंग अन्तरक्रिया एवं समन्वय गरी सूचना एकीकृत गराई सहभागिता मूलक योजना तर्जुमा प्रकृया अपनाई अन्तिम रुप दिने ।

३३. विपद् जोखिम न्यूनिकरण सम्वन्धी योजना छनौट गर्दा जिल्ला दैवि प्रकोप उद्धार समितिसंग समन्वय गरी उक्त समितिले प्राथमिकरण गरेका कार्यक्रमहरुलाई समावेश गर्ने ।

३४. क्रमागत योजना/कार्यक्रमहरु भौतिक तथा वित्तिय प्रगतिको आधारमा छिटो सम्पन्न हुनेगरी प्रस्ताव गर्ने ।

३५. लामो समयदेखि वीर्षक विकास कार्यक्रममा समावेश भएका तर सम्पन्न हुन नसकेका कार्यक्रम/आयोजनाहरुको औचित्य हेरी आवश्यक देखिएमा मात्र कार्यक्रममा समावेश गर्ने ।

३६. जिल्ला खाद्य सुरक्षाका कार्यक्रम तर्जुमा गर्दा जिल्ला खाद्य संजालले तयार पारेको खाद्य सुरक्षा प्रतिकार्य योजनालाई आधार बनाउने ।

## आवधिक जिल्ला विकास योजना एवं जि.वि.स.ले आगामी आ.व.का लागि अंगिकार गर्ने नीतिहरु :

१. सामाजिक, सांस्कृतिक, शैक्षिक केन्द्रको रुपमा रहेको दाङ जिल्लामा सन्तुलित, समावेशी र दृष्टिकोण सहितको विकासलाई आन्दोलनको रुपमा अगाडि बढाई जिल्लाको समग्र विकास र आर्थिक समृद्धि हासिल गर्ने ।

२. अनियोजित तरिकाले छरपष्ट बजेट छर्ने प्रवृत्तिको अन्त्य गर्ने । परिणाममुखी, देखिने र जनताले अनुभूत गर्न सक्ने विकास निर्माणका लागि मुख्य मुख्य योजना छनौट गरी बजेट विनियोजन गर्ने ।

३. सबै क्षेत्र, इलाका, वर्गलाई लाभ पुऱ्याउने गरी सन्तुलित विकास, सामाजिक न्याय र समावेशी विकासको अवधारणाबाट बजेट निर्माण गर्ने ।

४. नागरिकले आफ्नो योजनाको छनौट आफैले गर्ने र त्यसको प्राथमिकता निर्धारण समेत गर्ने र जनताले प्राथमिकता निर्धारण गरी छनौट गरेका योजनामा सोही अनुरुप विकाससँग सम्बन्धित निकायहरुले बजेट विनियोजन गर्ने गरी यथार्थमै सहभागितामूलक योजना तर्जुमा गर्ने पद्धतिलाई निरन्तरता दिने ।



क्रमश....

५. जिल्लाका १३ वटै इलाकामा समानुपातिक विकास हुने, सबै वर्ग, क्षेत्रलाई समेट्ने गरी सन्तुलित योजना निर्माण गर्ने । योजनामा सामाजिक न्याय, समावेशीकरण, मानव अधिकार लगायत सामाजिक जीवनका सबै क्षेत्रको आकांक्षा र आवश्यकतालाई संवोधन गर्ने प्रयास गर्ने । योजना यथार्थपरक, अग्रगामी र भविष्यपरक बनाउने प्रयास गर्ने ।

६. स्थानीय जनतालाई बढि लाभ पुऱ्याउने तथा दीर्घकालीन रुपमा जिल्लाको विकासलाई महत्वपूर्ण योगदान दिनसक्ने योजनाहरुको छनौटमा जोड दिने ।

७. स्थानीय साधन, सीप, प्रविधि र क्षमताको परिचालनबाट सञ्चालन हुनसक्ने योजना तथा कार्यक्रमलाई उच्च प्राथमिकताका साथ सञ्चालन गर्ने ।

८. जनसहभागिता प्राप्त गर्न सकिने खालका तथा लैङ्गिक सन्तुलन, समावेशीकरण र सहभागिता जुट्न सक्ने आयोजनाहरुलाई जिल्ला विकास योजनामा समावेश गर्ने ।

९. वन क्षेत्रको दीगो विकास, व्यवस्थापन तथा उपयोगका लागि स्थानीय आवश्यकतालाई प्राथमिकता दिने ।

क्रमशः

१०. जिल्लाको विकासको मेरुदण्डका रुपमा रहेका मूख्य तथा शाखा मार्गहरुको स्तरवृद्धि तथा सुधारका साथै जिल्ला सडक सञ्जालले नछोएका गा.वि.स.हरुमा सडक सञ्जालमा आवद्ध गर्ने खालका योजनाहरुको निर्माण गरी सञ्चालनमा ल्याउने ।

११. जिल्लाभित्र रहेका उद्योग, साना उद्योगको प्रवर्द्धन गरी औद्योगिक विकास र साना हाटबजार तथा वाणिज्य क्षेत्रको विकास गर्ने ।

१२. पूर्ण खोप युक्त, पूर्ण सरसफाई युक्त जिल्ला बनाउनलाई जोड दिने ।

१३. योजना तर्जूमादेखि कार्यान्वयन, अनुगमन मूल्याङ्कनका प्रत्येक चरणहरुमा जनसहभागितामूलक पद्धतिलाई अवलम्वन गर्ने ।

१४. क्रमागत योजनाहरुलाई सम्पन्न गर्न प्राथमिकता दिने ।

१५. आर्थिक अनुशासन, पारदर्शिता, प्रभावकारी सञ्चार र सुशासनलाई प्रमुख आधार मानी विकास प्रशासनलाई व्यवस्थापन गर्ने ।

१६. मानव अधिकार, सामाजिक न्याय, समावेशीकरण, लैंगिकमैत्री, बालमैत्री, अपाङ्गमैत्री वातावरणमैत्री अवधारणा अनुरुप कार्यक्रम सञ्चालन गर्ने ।

१७. वस्ती स्तरबाट नागरिक सचेतना केन्द्र र वडा नागरिक मञ्चको सिफारीस भई वडा भेलामा आएका योजना तथा कार्यक्रमलाई प्राथमिकता दिई छलफल गर्ने र प्राथमिकिकरण गर्ने ।

१८. सबै सामाजिक संघसंस्थाहरुले आफ्नो प्रस्तावित कार्यक्रमलाई सम्वन्धित वडा, गा.वि.स. संग समन्वय गरी उनीहरुको आवश्यकतालाई परिपूर्ति गर्ने कार्यक्रमहरु तर्जुमा गर्नुपर्ने ।

# आ.व. २०७४।०७५ को बजेट शिलिङ

रू. हजारमा

| सि. नं. | कार्यक्रम | चालु | पूँजिगत | जम्मा |
|---|---|---|---|---|
| १ | जि.वि.स. अनुदान | ६०७८१ | | ६०७८१ |
| २ | गा.वि.स. अनुदान | २३८८८० | | २३८८८० |
| ३ | न.पा. अनुदान | २७५४३६ | | २७५४३६ |
| ४ | घरेलु तथा साना उद्योग कार्यक्रम | ६९१४ | ३७९१ | १०७०५ |
| ५ | कृषि प्रसार कार्यक्रम | ३५०८६ | ३५०३ | ३८५८९ |
| ६ | खानेपानी तथा सरसफाई कार्यक्रम | १७७६९ | १६५६६९ | १८३४३८ |
| ७ | उच्च मध्यमस्तरीय ठूला खानेपानी योजना | | १७२९७ | १७२९७ |
| ८ | पर्यटन पूवाधार विकास आयोजना | ८६२३ | १९२२६ | २७८४९ |
| ९ | पुरातात्विक संरक्षण | ५८८ | ४२३३ | ४८२१ |
| १० | संस्कृति प्रवर्द्धन कार्यक्रम | १७४५८ | ९१९ | १८३७७ |
| ११ | पशुसेवा प्रसार कार्यक्रम | ४००४८ | ५९०५ | ४५९५४ |
| १२ | जिल्ला भुसंरक्षण कार्यक्रम | ४१८४ | ७९८७ | १२१७१ |
| १३ | सामुदायिक तथा कवुलियती वन विकास कार्यक्रम | ४८४६ | १०९९ | ५९४५ |
| १४ | राष्ट्रिय ग्रामीण तथा नवीकरणीय उर्जा कार्यक्रम | ९९०४० | | ९९०४० |
| १५ | नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम | ६५२३१ | | ६५२३१ |
| १६ | क्षेत्रिय तथा पर्यटकीय महत्वका सडकहरू | | २५०४२ | २५०४२ |
| १७ | अन्य शहरी सडक | | १७०६४ | १७०६४ |

# बजेट शिलिङ .............

रू. हजारमा

| सि. नं. | कार्यक्रम | चालु | पूँजिगत | जम्मा |
|---|---|---|---|---|
| १८ | महिला विकास कार्यक्रम | २३५४२ | ३०९५ | २६६३७ |
| १९ | खेलकुद विकास कार्यक्रम | ३१५० | ३७२७ | ६८७६ |
| २० | स्थानीय शान्ति समिति | २७८८ | ३३ | २८२१ |
| २१ | शान्तिको लागि विकास कार्यक्रम | | १०२७३ | १०२७३ |
| २२ | विद्यालय क्षेत्र विकास कार्यक्रम | ५०९०१३ | २६३६ | ५११६४९ |
| २३ | ग्रामीण खानेपानी तथा सरसफाई कार्यक्रम | २६०६ | ७२५३ | ९८५९ |
| २४ | स्थानीय यातायात पूर्वाधार क्षेत्रगत कार्यक्रम | १२१ | १५८४७ | १५९६८ |
| २५ | झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम | २१२५० | ४२०७५ | ६३३२५ |
| २६ | स्थानीय विकास शुल्क कोष | ७३६८८ | | ७३६८८ |
| २७ | स्थानीय स्तरका सडक पुल तथा सामुदायिक पहुँच सुधार परियोजना | २२ | ३९०२४ | ३९०४६ |
| २८ | सामुदायिक सिंचाई आयोजना | १३३५० | ११५९६० | १२९३१० |
| २९ | साना सिंचाई नदी नियन्त्रण तथा अन्य पूर्वाधार | ३२ | १३९७७ | १४००९ |
| ३० | राष्ट्रिय ग्रामीण यातायात सुदृढिकरण कार्यक्रम | ४९६६ | २६४७४६ | २६९७१३ |
| ३१ | गरीबसंग विश्वेश्वर कार्यक्रम | २४३० | | २४३० |
| ३२ | निर्वाचन क्षेत्र विकास कार्यक्रम | १७५००० | | १७५००० |
| ३३ | आर्थिक केन्द्र तथा दुई जिल्ला जोड्ने सडक | | ३५८७३ | ३५८७३ |
| ३४ | राष्ट्रिय स्वास्थ्य शिक्षा सूचना तथा संचार केन्द्र | ९५१ | | ९५१ |

## बजेट शिलिङ .............

रू. हजारमा

| सि. नं. | कार्यक्रम | चालु | पूँजिगत | जम्मा |
|---|---|---|---|---|
| ३५ | राष्ट्रिय तालीम कार्यक्रम | १३७ | २५ | १६१ |
| ३६ | एकीकृत जिल्ला स्वास्थ्य कार्यक्रम | १३४१७८ | ८९७८१ | २२३९५९ |
| ३७ | क्षयरोग नियन्त्रण | ३९८७ | १०२ | ४०८९ |
| ३८ | आयुर्वेद सेवा कार्यक्रम | ९२७९ | २०५८७ | २२८६६ |
| | जम्मा | १८५७११८ | ९३६७४९ | २७९३८६७ |
| ३९ | आन्तरिक श्रोत | | | ८०००० |
| | कूलजम्मा | | | २८७३८६७ |
| | | | | |

# योजना छनोटका आधार तथा सूचकहरु

१. जिल्लाको आवधिक योजना, शिक्षा योजना, जिल्ला यातायात गुरु योजना, र कृषि योजनाले प्राथमिकता दिएका योजनाहरु,
२. वस्तुगत विवरण, श्रोत नक्सा, गरिवी नक्शांकनले औंल्याएका स्थान तथा वर्गलाई सहयोग पुग्ने योजनाहरु,
३. गरिवी निवारणमा सहयोग पुऱ्याउने कार्यक्रम,
४. सर्वसाधारण जनतालाई तत्काल प्रत्यक्ष फाइदा हुने तथा रोजगार प्रवर्द्धन हुने आयमूलक कार्यक्रमहरु,
५. कृषि उत्पादन वृद्धि गर्न सघाउ पुग्ने कार्यक्रमहरु,
६. छोटो समयमा सम्पन्न भई वढी प्रतिफल दिने कार्यक्रम,

# योजना छनोटका आधार तथा सूचकहरु

७. कम लगानीबाट वढी नागरिकलाई लाभ पुऱ्याउने कार्यक्रम,
८. वढी भन्दा वढी स्थानीय वासिन्दाहरुको सहभागिता र श्रम प्राप्त हुने आयोजना/कार्यक्रमहरु,
९. हरेक योजनाको जन्म वस्तीबाट हुन्छ भन्ने सिद्धान्तलाई पालना गरेका योजनाहरु,
१०. पिछडिएका तथा उत्पीडित जाति, जनजाति एवं महिला, वालवालिकाको लागि आयमूलक तथा सीपमूलक कार्यक्रमहरु,
११. स्थानीय श्रोत, साधन, सीप र क्षमताको परिचालनबाट सञ्चालन हुन सक्ने कार्यक्रमहरु,
१२. वातावरण संरक्षणमा सघाउ पुऱ्याउने कार्यक्रहरु,
१३. गा.वि.स./न.पा सँग सम्बन्धित राष्ट्रिय प्राथमिकतामा कार्यान्वयन गर्ने आयोजना/कार्यक्रमहरु ।

# धन्यवाद्